नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
# सडक विभाग
(कर्मचारी प्रशासन शाखा)

फ्याक्स ५५२९१०६
फोन ५५२९०७५
बबरमहल, काठमाडौं, नेपाल
(हालः चाकुपाट, ललितपुर)
ई-मेल : dgdor@dor.gov.np

पत्र संख्या : ५.१.२०/०७४/७५
चलानी नम्बर : ४६२

मिति : २०७४/१२/१९

**विषय : वैठकको निर्णय पठाईएको ।**

श्री सडक विभाग, पुल महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, योजना तथा डिजाइन महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, वैदेशिक समन्वय महाशाखा, ललितपुर ।
श्री सडक विभाग, यान्त्रिक महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, सम्भार महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, आर्थिक प्रशासन शाखा, चाकुपाट ।
श्री सडक विभाग, कानून तथा विवाद व्यवस्थापन शाखा, चाकुपाट ।
श्री सडक विभाग, आयोजना निर्देशनालय (ए.डी.बी.), विशालनगर ।
श्री सडक विभाग, सडक सुधार तथा विकास आयोजना, काठमाडौं ।
श्री सडक विभाग, उत्तर दक्षिण/व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय, चाकुपाट ।
श्री सडक विभाग, हुलाकी राजमार्ग निर्देशनालय, आलोकनगर ।
श्री क्षेत्रीय सडक निर्देशनालय, दमक/बबरमहल/पोखरा/सुर्खेत/दिपायल ।
श्री केन्द्रीय सडक प्रयोगशाला, पाटनढोका ।

यस विभागमा मिति २०७४/१२/१४ गते महानिर्देशकज्यूको अध्यक्षतामा बसेको वैठकको निर्णय प्रति पाना २ (दुई) यसैसाथ संलग्न राखी जानकारी एवं त्यहाँ र अन्तर्गत महाशाखा/शाखासँग सम्बन्धित निर्णयहरु अविलम्व कार्यान्वयन गर्नु/गराउनु हुन अनुरोध गर्दछु ।

२०७४।१२।१९

(धर्मेश प्रसाद गौतम)
शाखा अधिकृत

सडक विभाग

मिटिंग-माइन्यूट

आज मिति २०७४ चैत्र १४ गते बुधवारका दिन सडक विभागका महानिर्देशक श्री गोपाल प्रसाद सिग्देलज्यूको अध्यक्षतामा वहाँकै कार्यकक्षमा देहाय बमोजिमको पदाधिकारीहरुको उपस्थितिमा वैठक बसी देहाय बमोजिम छलफल तथा निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| सि.नं. | नाम | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री गोपाल प्रसाद सिग्देल | महानिर्देशक | सडक विभाग | |
| २. | श्री अर्जुन जंग थापा | उपमहानिर्देशक | स.वि., पुल महाशाखा | |
| ३. | श्री मुक्ती गौतम | उपमहानिर्देशक | स.वि., योजना तथा डिजाईन महाशाखा | |
| ४. | श्री शिव प्रसाद नेपाल | उपमहानिर्देशक | स.वि., संभार महाशाखा | |
| ५. | श्री संजय कुमार श्रेष्ठ | उपमहानिर्देशक | स.वि., वैदेशिक महाशाखा | |
| ६. | श्री हरिराम आचार्य | उपमहानिर्देशक | स.वि., यान्त्रिक महाशाखा | |
| ७. | श्री शिवहरी सापकोटा | क्षेत्रीय निर्देशक | म.क्षे.स.नि., बबरमहल, काठमाडौ | |
| ८. | श्री सरोज कुमारप्रधान | आयोजना निर्देशक | आयोजना निर्देशनालय (ए.डी.वी.) | |
| ९. | श्री सत्येन्द्र शाक्य | आयोजना प्रमुख | मध्यपहाडी लोकमार्ग पूर्वी खण्ड | |
| १०. | श्री सूर्यमणी गौतम | प्रमुख लेखा नियन्त्रक | सडक विभाग | |
| ११. | श्री शिवराज अधिकारी | यूनिट प्रमुख | स.वि., GESU | |
| १२. | श्री रमेश कुमार सिंह | यूनिट प्रमुख | स.वि., PMEU | |
| १३. | श्री दिनेश अर्याल | यूनिट प्रमुख | स.वि., HMIS-ICT | |
| १४. | श्री दिप वाराही | यूनिट प्रमुख | स.वि., RTU | |
| १५. | श्री मुकुन्द राज अधिकारी | डिभिजन प्रमुख | डिभिजन सडक कार्यालय,काठमाडौं १ | |
| १६. | श्री देव कुमार तामांग | डिभिजन प्रमुख | डिभिजन सडक कार्यालय,काठमाडौं २ | |
| १७. | श्री प्रकाश चन्द्र भण्डारी | डिभिजन प्रमुख | डिभिजन सडक कार्यालय,ललितपुर | |
| १८. | श्री गुरु प्रसाद अधिकारी | डिभिजन प्रमुख | डिभिजन सडक कार्यालय,भक्तपुर | |
| १९. | श्री अर्जुन सुवाल | सि.डि.ई. | हुलाकी राजमार्ग आयोजना | |
| २०. | श्री लक्ष्मी के.सी. | सि.डि.ई. | स.वि., संभार महाशाखा | |
| २१. | श्री शुभराज न्यौपाने | सि.डि.ई. | मध्यपहाडी पश्चिम खण्ड | |
| २२. | श्री दिपक के.सी. | आयोजना प्रमुख | काठमाडौं उपत्यका सडक विस्तार आयोजना | |
| २३. | श्री राम कुमार देव | डि.प्र. | डि.स.का. लहान, सिराहा | |
| २४. | श्री सुनिलबाबु पन्त | यो.प्र. | पुल योजना से नं ३, बाँके | |
| २५. | श्री भुवन अधिकारी | सि.डि.ई. | यान्त्रिक महाशाखा | |
| २६. | डो. विजय जैसी | सि.डि.ई. | पुल महाशाखा | |
| २७. | Rajendra Kumar Singh | सि.डि.ई. | यान्त्रिक महाशाखा | |
| २८. | रमेश प्रसाद पौडेल | डि.प्र. | डि.स.का. शिवपुर | |
| २९. | | | | |
| ३०. | | | | |
| ३१. | | | | |
| २. | | | | |
| ३. | | | | |

मिति २०७४ चैत्र १४ गते बुधवारका दिन भएको बैठकको **छलफल तथा निर्णयहरुः-**

- Re-current Maintenance को ठेक्काबाट वा अमानतबाट २०७५ वैशाख १५ सम्म राजमार्गहरु Potholes Free गराई सक्नु पर्नेछ तथा काठमाडौं उपत्यका भित्रका सडकहरु, VIP करिडोरहरु अनिवार्य रुपमा २०७४ चैत्र मसान्त सम्म Potholes Free गराई सक्नु पर्नेछ । सो भए नभएको संभार महाशाखा/क्षेत्रीय सडक निर्देशनालयबाट अनुगमन एवं रिपोटिंङ्ग गर्ने ।
- आ.व. ०७४।०७५ को Road Safety अन्तर्गतको स्वीकृत कार्यक्रमका कार्यहरुमा खासगरी Road Marking Paint- Center Line, Zebra Crossing उपत्यका भित्र २०७४ चैत्र मसान्त सम्म र अन्य राजमार्गहरुमा २०७५ वैशाख १५ गते सम्ममा सम्पन्न गरि सक्नु पर्नेछ । सो भए नभएको सम्बन्धमा संभार महशाखा/क्षेत्रीय सडक निर्देशनालयबाट अनुगमन गर्ने ।
- काठमाडौं उपत्यकामा हाल सालै मुल चौकहरुमा राखिएको Traffic Light राम्रो संग प्रयोग भएको देखिएमा पुनः अन्य चौकहरुमा समेत Traffic Light राख्ने व्यवस्था मिलाउने र सो सम्बन्धमा संभार महाशाखा/क्षेत्रिय सडक निर्देशनालयले अनुगमन गर्ने ।
- काठमाडौं चक्रपथ सडक विस्तार योजना अन्तर्गतको कोटेश्वर-कलंकी सडक खण्ड आगामी मनसुन अघि सम्पन्न गरि सक्नु पर्ने सो को अनुगमन वैदेशिक समन्वयम महाशाखाले गर्ने ।
- मुग्लिन-नारायणघाट सडक योजनाका सम्पूर्ण कार्यहरु २०७५ जेष्ठ १५गते सम्म सम्पन्न गरि सक्नु पर्ने र सो को अनुगमन वैदेशिक समन्वय महाशाखाले गर्ने ।
- APG, PG को म्याद सकिनु अघि नै ठेकेदारले म्याद थप नगरे रकम फिर्ता गर्न सम्बन्धित बैंकलाई पत्राचार गरी सम्बन्धित ठेकेदारलाई म्याद थप गर्न जानकारी गराउने । APG र PG को म्याद सकिएमा सो को उत्तरदायित्व कार्यालय प्रमुख र लेखा प्रमुखको हुने । APG, PG को म्याद समाप्त भएकोमा सम्बन्धित निर्माण व्यवसायीसंग समन्वय गरी म्याद थप गर्न लगाउने, सो गर्दा समेत म्याद थप नगरेमा सडक विभाग अन्तर्गत निजको अन्यत्र ठेक्कापट्टाको रकम भुक्तानी गर्न बांकी रहेको भएमा सम्बन्धित कार्यालयलाई रकम कट्टा गर्न अनुरोध गरि पत्राचार गर्ने । सो को सम्पूर्ण जिम्मेवारी कार्यालय प्रमुख र आ.प्र.शाखा प्रमुखको हुने ।
- गत विगतमा भएका ठेक्काहरु के कति फर-फारक गर्न बांकी छ । सो को विवरण तयार गरी रुग्ण ठेक्काहरु अविलम्ब नियमानुसार कार्वाही अघि बढाउने, निर्माण व्यवसायीहरुबाट ठेक्का सम्पन्न गर्ने प्रंयाप्त आधार भएका ठेक्काको हकमा म्याद थप गर्ने प्रयाप्त आधार भएकोमा म्याद थप गरी कार्य सम्पन्न गराउने म्याद थप गर्न नसकिनेको हकमा Penalty लगाई ठेक्का फर-फारक गर्ने ।
- निर्माण व्यवसायीले लिएको मोविलाइजेशको रकम सम्बन्धित ठेक्काको कार्यमा सदुपयोग भए नभएको अनुगमन गरी सदुपयोग नभएको पाइएमा सम्बन्धित निर्माण व्यवासायीलाई Contract Document एवं सार्वजनिक खरिद ऐन, नियमावली अनुसार अविलम्ब कारवाही अघि बढाउने ।
- स्वीकृत नमर्श, स्पेसिफिकेशन अनुरुपको कार्य भए नभएको सम्बन्धमा सम्बन्धित साइडको कार्य गर्न तोकिएको प्राविधिकले तोकिएको गुणस्तरमा विशेष सजग भई कार्य गराउने ।